# समाचार सन्देश

**वर्ष १४, अङ्क ३  आई.पी.एस्. लेख रचनाको सँगालो, भदौ ३०-असोज १३, २०६४ (सेप्टेम्बर १६ - ३०, २००७)**

# बर्मेली अधिकारका लागि राष्ट्रसंघमा आकस्मिक बैठक

– गुस्ताभो क्याप्डेभिला

जेनेभा (**आई.पी.एस्./एन्.पी.आई.**) – बर्मामा सैनिक शासनविरुद्ध भएको प्रदर्शनमा अनिश्चित संख्यामा भिक्षु तथा अन्य आन्दोलनकारीहरू मारिए, सयौं घाइते भए र ठूलो परिमाणमा गिरतारीमा पनि परे । यस घटनालाई गम्भीरताका रूपमा लिंदै संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोगले आकस्मिक बैठक बस्ने घोषणा गऱ्यो ।

बर्मामा सो घटना हुँदा संयुक्त राष्ट्रसंघको मानव अधिकार उच्च निकाय तीन हप्ते नियमित बैठकको अन्तिम निर्णय गर्दै थियो । सो बैठक कार्यविधिका सम्बन्धमा निर्णय गर्न बसेको थियो ।

हजारौं भिक्षु संलग्न रहेको सडक आन्दोलनमा कति भिक्षु मारिए भन्ने कुराको यकीन भएन । केही सञ्चार माध्यमले १३-१४ भिक्षु मारिएको जनाए भने रङ्गुनका कूटनीतिज्ञहरूले मर्नेहरूको संख्या अझ बढी हुने सम्भावना देखाए । सुरक्षा सेनातर्फ २ सय जना घाइते भएको जानकारीमा आयो ।

बर्मामा सन् १९६२ मा नागरिक सरकारलाई अपदस्थ गरेर सेनाले शासन चलाइरहेको छ । अगष्टको मध्यमा जब पेट्रोलियम पदार्थको मूल्य ५ सय प्रतिशतले बढाइयो तब विरोधको लहर चलन थाल्यो । सन् १९८८ यता भएको यो नै पहिलो ठूलो बिरोध प्रदर्शन हो । त्यस आन्दोलमा ३ हजार सर्वसाधारण क्रूर सेनाको बुट र गोलीको शिकार भएका थिए भने यस पटकको हताहतको संख्या अनिश्चित छ ।

न्युर्योकमा रहेको मानव अधिकार निगरानीकर्ता (ह्युमन राइट्स वाच) का अन्तर्राष्ट्रिय जन-वकालत निर्देशक पेग्गी हिक्स 'महत्वपूर्ण विकास भएको छ,' भन्छिन् । उनले जेनेभामा सम्पन्न आयोगको शुक्रबारे एक बैठकमा भाग लिन जाने क्रममा यो टिप्पणी गरेकी हुन् । 'यो बर्माका लागि त महत्वपूर्ण कदम हो नै, साथमा मानवअधिकार आयोगका लागि पनि उत्तिकै महत्वपूर्ण निर्णय हो । हामीलाई विश्वास छ, आयोग हिंसा भएको टुलुटुलु हेरेर बस्न सक्तैन भन्ने कुरो बर्माले बुझेको हुनुपर्छ,' उनले भने ।

युरोपेली संघका १७ सदस्यको अनुरोधमा बर्माका सम्बन्धमा राष्ट्र संघीय मानव( अधिकार आयोगको आकस्मिक बैठक बस्न लागेको हो । ४७ सदस्य रहेको आयोगमा १६ सदस्यले बैठकका लागि समावेदन दिनसक्छन् । त्यसअतिरिक्त ३६ पर्यवेक्षक

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

सदस्य-राष्ट्र रहेका छन् ।

समावेदनप्रति समर्थन जनाउने अधिकांश राष्ट्र औद्योगिक छन् जसमा ६ दक्षिण अमेरिकी र दुई अफ्रिकी रहेका छन् । एसिया र क्यारेवियनका कुनै राष्ट्रले पनि यस अनुरोधमा समर्थन जना( एका छैनन् । म्यानमारको मा( नवअधिकारको स्थिति अनुगमन गर्न नियुक्त विशेष समाधिक्षक पाउलो सेरजिओ पिनहिरोको मुलुक ब्राजिल पनि समर्थक नजनाउने मुलुकमै पर्छ ।

आयोगका लागि बैठक डाक्ने पहलको प्रकृति हेरेर त्यसको प्रभाव पनि आँकलन गर्न सकिन्छ । युरोपेली पहलमा थालनी भएको बैठकका कारण तानाशाही जुन्टा सरकारलाई अन्य पार्टीहरूसँग वार्तामा आउन दबाब सिर्जना हुनेछ ।

हिक्सका अनुसार बर्माको अवस्थालाई लिएर बस्न लागेको बैठक 'साङ्केतिक मात्र होइन,' । यसको परिणाम लोकतन्त्रका पक्षमा उल्लेख्य देखिने छ । यद्यपि यस बैठकले मात्र परिस्थिति सुधार्न सक्दैन तर यसको कारणले अधिकारीहरूलाई मानव अधिकारको स्थिति गम्भीर रहेकोमा विश्वको ध्यानाकर्षण भएको जनाउ दिनेछ । यो विषय आफैमा ज्यादै महत्वपूर्ण रहेको छ, उनले थपिन् ।

डिसेम्बरसम्म चलने आयोगको छैठौं बैठकको पहिलो तीन साताको छलफल निर्णायक हुनेछ । तर अझै यसले धेरै कार्य गर्न बाँकी छ, बैठकमा सहभागी कार्यकर्ताले आईपीएसलाई भने ।

'अझै पनि हामी बढी आशावादी भने छैनौं,' हिक्सले बताइन् । 'आयोगको बैठकमा विश्वका १० मुलुकको मानवअधिकारको अवस्थाका बारेमा छलफल हुनेछ । यीमध्ये दुई मुलुकको अवस्थाले हाम्रो अधिकांश समय लिनेछ- डारफ र बर्मा । सुडानको उत्तर-पश्चिमी क्षेत्र डारफको द्वन्द्व पनि उत्तिकै चासोको विषय रहेको छ ।

विश्वमा मानवअधिकारको समस्या रहेका थुप्रै मुलुक छन्, त्यसप्रति पनि ध्यान दिनु आवश्यक छ, उनले भनिन् ।

सुडान र प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा मानवअधिकारको अवस्था अनुगमन गर्ने विषेश समाधिकक्षको आदेश नवीकरण गर्ने सन्दर्भ पनि डिसेम्बरसम्ममा पूरा गरिनेछ, उनले भनिन् ।

उनले अगाडि भनिन्, आयोगले उजबेकिस्तान र इराकमा भएको मानव अधिकारको हननलाई नजरअन्दाज गरेको छ । उनले श्रीलङ्का, इरान, उत्तर कोरिया, बेलारुस र जिम्बाबेको अवस्थामा पनि ध्यान पुऱ्याउन नसकिएको खुलासा गरिन् ।

उनले २००८ को प्रारम्भमा थालिने विश्वको मानवअधिकारको आवधिक पुनरावलोकन प्रक्रियाका सम्बन्धमा आयोगले गरेको निर्णयको भने मुक्तकण्ठले प्रशंसा पनि गरिन् । नयाँ प्रक्रियाअनुसार संयुक्त राष्ट्रसंघका सबै १ सय ९२ सदस्य राष्ट्रहरू जसले अन्तर्राष्ट्रिय मानव अधिकारका महासन्धि स्वीकृत तथा अनुमोदन गरेका छन्, लाई आगामी २०११ सम्ममा त्यसको पूर्ण पालनाका लागि सीमा निर्धारण गरिने छ ।

राष्ट्रसंघीय मानवअधिकार आयोगले आज जुन काम गरिरहेको छ सो काम मार्च २००६ सम्म 'राष्ट्रसंघीय कमिसन' ले गर्दैआएको थियो । स्वभावतः विश्वको मानवअधिकारको स्थितिको आवधिक पुनरावलोकनको कार्य पनि कमिसनले नै गर्थ्यो । कमिसनले विश्वका विभिन्न मुलुकको मानवअधिकार हननको अवस्थालाई घटना विवरणका रूपमा चिरफार गर्थ्यो । यस कार्यमा राजनीतिक आग्रह राखियो अथवा पूर्वाग्रहका साथ काम गरियो भनेर कमिसनको आलोचना भयो । परिणामस्वरूप यसको प्रसिद्धिमा गिरावट आयो ।

राष्ट्रसंघीय मानवअधिकार आयोगले आगामी फेब्रुअरी महिनादेखि विश्वका १६ मुलुकको मानवअधिकारको स्थितिका सम्बन्धमा अनुगमन थाल्नेछ । यी मुलुकहरूको चयन नमुना सर्वेक्षणका रूपमा गरिएको हो । यस सर्वेक्षणमा बहराइन, इक्वेडर, ट्युनिसिया, मोरक्को, इण्डोनेसिया, फिनल्याण्ड, बेलायत, भारत, ब्राजिल, फिलिपिन्स, अल्जेरिया, पोल्याण्ड, नेदरल्याण्ड, दक्षिण अफ्रिका, गणतान्त्रिक चेज र अर्जेन्टिना परेका छन् ।

# घरभित्र पाइखाना बनाउन महिलाको जोड

– नितिन जुग्रान बहुगुणा

राइपुर, भारत (**आई.पी.एस./ एन्.पी.आई.**) – राइपुरका आम महिलाजस्तै द्रौपती भोस पनि घरभित्र पाइखाना बनाउने कुराको बिरोधमा थिइन् । तर सरकारी सहयोगमा शौचालय बन्ने भएपछि उनले ठीकै छ भनिन् । 'मैले सोचें, पाइखाना बनाउने ठाउँलाई भण्डार बनाउन सकिन्छ, ठीकै छ बनाइहालौं,' उनको सोचाइ थियो ।

केन्द्रीय सरकाले तीन वर्षअघि थालेको यो योजना अहिले छत्तीसगढका १६ मध्ये १५ जिल्लाको ग्रामीण क्षेत्रमा सञ्चालित छ । यस योजनाअन्तर्गत सरकारले ६ सय रूपैयाँ (१४ अमेरिकी डलर) मात्र बहन गर्ने परिवारलाई पाइखाना बनाइदिन्छ । गरिबीको रेखामुनि रहेका अर्थात प्रतिव्यक्ति प्रतिदिन एक डलर रुपियाँ आर्जन गर्ने व्यक्तिको परिवारलाई १ सय २५ रूपैयाँ (तीन अमेरिकी डलर) ले मात्र पनि पाइखाना बनाइ दिन्छ ।

'शौचालय निर्माण गर्नु सजिलो थियो,' राइपुर राज्यको सदरमुकामबाट तीन घण्टा मोटरबाटो पार गरेपछि पुगिने राजनन्द गाउँकी महिला स्वास्थ्य कर्मचारी पूर्णिमा देवनगन स्मरण गर्छिन्- पहिला घरभित्र पाइखाना प्रयोग गर्ने कुराको विरोध गरी कतिपय घरले त्यसलाई दाउरा, इन्धन र खानाको भण्डार गर्न पनि प्रयोग गरेका थिए ।

भारतमा शहरीकरणको कम विकास भएको क्षेत्रमध्ये छत्तीसगढ पनि पर्न आउँछ । यहाँ न्यून जनघनत्व, बढी पहाडी इलाका, जङ्गली क्षेत्रका कारण खुल्ला पाइखाना सामान्य र स्वाभाविक विषय रहेको छ ।

१ करोड ८० लाख जनता भएको छत्तीसगढमा सात वर्षअघि स्थानीय जनतामा रहेको पुरानो व्यवहार र परम्परा छुटाई उनीहरूलाई घरभित्र शौचालयको अभ्यास गर्न लगाउनु र सफाइ कार्यक्रममा सरिक गराउनु कर्मचारीका लागि साह्रै गारो विषय थियो ।

देभानगन नामका कर्मचारी साधारण स्वास्थ्य परीक्षण गर्न गाउँमा गएको र सरसफाइ र बच्चा तथा आमालाई दिइने खोपको बारेमा बुझ्न खोज्दा खप्की खाएको स्मरण गर्छिन् ।

स्वास्थको जानकारीका साथै पाइखाना बनाउने कुरामा पनि कर्मचारीले विविध विधिको प्रयोग गर्दै काम अघि बढाएका थिए । महिला समूह बनाएर काम गरेका कारणले केही सजिलो भएको उनको अनुभव छ ।

आपसी सहयोगी समूहकी सदस्य र सम्पूर्ण विलासपुर जिल्लाको बहतराई गाउँको लागि महिला उत्प्रेरक चम्पा कौसिरव भन्छिन्- लामो समयसम्म उनीहरूले घरभित्र पाइखानाको फाइदाका बारेमा बुझ्न चाहेनन् । उनले थपिन्, पाइखानाको सानो ठाउँले निसासिइन्छ र सफा पनि हुँदैन, बच्चाहरू पाइखानाको प्वालमा पस्ने खतरा हुन्छ भनेर गाउँलेले घरभित्रको शौचालय प्रयोग गर्नै मानेनन् ।

तर बिस्तारै घरभित्रको शौचालयका लाभ पनि देखापर्दै आए । सुविधाको पक्षलाई ध्यान नदिए पनि सर्पको टोकाइबाट जोगिनका लागि पनि घरभित्रकै शौचालय उनीहरूका लागि ठीक लाग्न थाल्यो । जङ्गली क्षेत्रमा बाहिर जानु ज्यानको जोखिम हुनेमा महिलाहरू सचेत देखिन थाले । पाइखाना प्रयोग गर्ने कुराको समर्थन हुन थाल्यो ।

खुला पाइखाना खोज्न निकै पर जानुपर्ने र समयमा घरको अरु काम गर्न नसकिने भएकाले पनि घरभित्रको शौचालयको महत्व प्रकट हुनथाल्यो । घरभन्दा बाहिर निकै टाढा शौचालयका लागि धाउनु कम दिकदारीको विषय थिएन ।

क्रमश: घरभित्र बनाइएका शौचालयका फाइदा खुल्नथाले, पुराना धारणा र बानी फेरिन थाले । जब पाइखाना बनाउने कुरा बढ्दै गयो र यसले धेरैको स्वास्थ्य स्थिति सुदृढ हुदै गयो अनि घरभित्र पाइखाना बनाउन नहुने भन्ने कुरा घट्दै गयो, सामाजिक कार्यकर्ता कल्पना दुबे बताउँछिन् । उनले बहतराई गाउँमा हैजा र पखालाको प्रकोप घट्दै गएको पनि जानकारी गराएकी छन् ।

अरु छिमेकी गाउँमा पनि पाइखानाको प्रयोगले रोगहरू घटाउन मद्दत गऱ्यो । मार्कामतोला गाउँमा घरभित्रको पाइखानाको प्रयोगले गर्दा विशेष गरी बच्चाहरू रोग लाग्नबाट बचे । दुबेले भनिन्, अहिले बच्चाहरू पाइखाना प्रयोग गर्न सजिलो भएको जानकारी गाराउँछन् ।

दुवेले जनमानसमा सरसफाइबारे सामान्य ज्ञानको विकास भएको कुराको पनि खुलासा गरिन् ।

द्रौपती अहिले सम्पूर्ण सफाइ कार्यक्रमको उत्प्रेरक बनेकी छन् । उनी भन्छिन्, सरसफाइका साथसाथै म र मेरो श्रीमान्ले सफा, स्वच्छ र हराभरा वातावरण बनाउने कुरामा गाउँलेलाई प्रोत्साहित गर्न थाल्यौं । हामीले भान्छा, बगैचाबाट यो अभियान सुरु गऱ्यौं र अलिपछि अरुले पनि यसै गर्न थाले ।

छत्तीसगढको प्रयासका कारण केन्द्रीय सरकारलाई खुला पाइखानाको प्रयोग २०१० सम्म निर्मूल पार्न ठूलो मद्दत पुगेको छ । सम्पूर्ण सफाई कार्यक्रमलाई प्रोत्साहन गर्न सरकारले सम्पूर्ण रूपले सफा गाउँलाई १ लाख रूपैयाँ (२,५०० अमेरिकी डलर ) पुरस्कार दिने भएको छ ।

सरसफाइका अभियन्ता महिला नै हुन् । यसको सफलताको श्रेय पनि महिलालाई नै जान्छ । विलासपुर जिल्लाका प्रमुख प्रशासक गौरव द्विवेदी आइपीएसलाई जानकारी गराउँछन्- महिलाको सोच र व्यवहारमा आएको परिवर्तन निर्णायक तथा बहुपक्षीय प्रभावको विषय हुन आउँछ । घरभित्रको शौचालयको प्रयोगका कारण उनीहरूको एक्लो जीवनशैलीमा मात्र परिवर्तन आएको होइन, सम्पूर्ण परिवारकै स्वास्थ्यमा सकारात्मक प्रभाव र परिवर्तन देखिएको छ ।

छत्तीसगढका महिला आज देशका अन्य ठाउँका महिलाभन्दा माथिल्लो जीवनयापन बिताइरहेका छन्, जनसंख्याविद् जानकारी गराउँछन् । छत्तीसगढमा महिलाको अनुपात न्यून छ- एक हजार पुरुष छन्भने ९९३ महिला रहेका छन् । थोरै भएपछि मूल्य बढ्नु प्राकृतिक नियम हो ।

यसो भन्नुको अर्थ पुरुषको मूल्य छैन भनेको होइन । उनीहरू पनि मुलुकका लागि आनो तर्फबाट योगदान दिइरहेका छन् । मायाराम एक छानिएका स्थानीय प्रतिनिधि हुन् । उनी निर्माणमा सक्रिय छन् । उनी भन्छन्, पहिले मैले आनो घरमा पाइखाना बनाएँ । यो देखेर अरु मानिसले पनि पाइखाना बनाइदिन आग्रह गरे । अहिलेसम्म मैले झण्डै एक सय जति शौचालय बनाइसको होला ।'

# भिडियो क्लिपको कठघरामा उच्च न्यायालय

– बरदान कुप्पुसामी

कुवालालम्पुर (**आई.पी.एस्./एन्.पी.आई.**) – एउटा आठ मिनेट लामो भिडियो क्लिप, जसलाई प्रतिपक्षी विधायकहरूले एकजना विवादास्पद कानुन व्यवसायी र वरिष्ठ न्यायाधीशले उच्च स्तरको केस मिलाउने र न्यायाधीशहरूको पदोन्नति गर्ने प्रपञ्चको आरोप लगाएका छन्, ले मुलुक नै हल्लायो अनि त्यसमा छानबिन र न्यायालयको पूर्ण सुधार गर्नुपर्ने मागको फिलिङ्गो सल्कायो ।

सन् २००२ को उक्त भिडियो वार्तालापले पूजीपति पूर्व प्रधानमन्त्री डा. महाथिर मोहम्मद, एकजना बहालवाला मन्त्री र कम्तीमा चारजना सेवारत न्यायाधीशलाई पनि मुछेको छ ।

यहाँको एउटा प्रमुख मानवअधिकार वादी संस्था सुआरामले उक्त भिडियो क्लिपलाई 'मलेसियाको न्यायिक इतिहासकै बेइज्ज्यती र लज्जास्पद शृंखला' भनेको छ। सुआरामकी कार्यकर्ता एजिलावेथ वोङ्ग भन्छिन् 'यो उच्च तहबाट भएको क्षमा दिनै नसकिने खालको शक्तिको दुरूपयोग हो । यो रहस्योद्घाटनबाट हाम्रो न्यायप्रणालीप्रति जनसाधारण र अन्तर्राष्ट्रिय जगतमा स्थायी र नराम्रो प्रभाव पर्दछ ।'

भिडियोमा समेटिएको सुनिनसक्नुको सामग्री र यसले फैलाएको हल्लाले मलेसियाली बारलाई सामान्यभन्दा धेरै कडा रूपमा उभिन बाध्य पाऱ्यो । बारले सोको छानबिन तत्काल स्वच्छ र इमानदार छविका व्यक्तिबाट गराउन, दोषी न्यायाधीशलाई पदमुक्त गर्न र कानुन व्यवसायीमाथि अनुशासनको कारवाही गर्न माग गरेको छ ।

पछिल्लो इतिहासमा पहिलोपटक कानुन व्यवसायीले बिरोध जुलुस निकालेका छन् भने सो प्रकरणको छानबिनको माग गर्दै उनीहरूले सेप्टेम्बरको अन्तिम साता प्रधानमन्त्री अब्दुल्लाह बादाबीसमक्ष ज्ञापनपत्र पनि बुझाए। सरकारी छानबिनको घोषणा नगरिए अदालती सुनुवाई नै वहिष्कार गर्ने उनीहरूको योजना छ ।

'यस्तो षडयन्त्रको आरोप र हल्लाको व्यापकता लामो समयदेखि छ' बार काउन्सिलका अध्यक्ष अम्बिगा श्रीनिभासनले एउटा विज्ञप्तिमा भनेका छन् । 'यो भिडियोको उदय र न्यायालय सम्बन्धमा चारैतिरबाट व्यक्त चासोलाई लामो समयसम्म हलुका रूपमा लिन सकिँदैन' उनले थपे ।

तर, कानुन व्यवसायीहरू, विपक्षी विधायक र नागरिक समाजका गैरसरकारी संस्थाहरूले कडा विज्ञप्तिबाट माथि उठेर उनीहरूकै भनाईमा म्याद गुज्रिसकेको न्यायालयको वृहत् सुधारको लागि आक्रामक उपाय अवलम्बन गर्ने दबाब दिइरहेका छन् ।

प्रभावशाली व्यक्तित्वहरूले पनि यो प्रकरणलाई वेवास्ता गरिएको खण्डमा मुलुकलाई अपुरणीय क्षति हुने भन्दै आधिकारिक छानविनको माग गरिरहेका छन् ।

सरकारी छानविन आयोग गठन हुनुपर्ने मागमा अन्तर्राष्ट्रिय रूपमै सम्मानित ट्रान्सपरेन्सी इन्टर नेशनल मलेसियाका पूर्व अध्यक्ष परम कुमारस्वामी र टुंकु अब्दुल अजिज इब्राहिमले पनि साथ दिएका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेशनल मलेसियाका बहालवाला अध्यक्ष रामोन नवरत्नम् भन्छन 'हाम्रो सरकारको इमानदारी, जवाफदेहीपन र पारदर्शिता तथा न्यायालय आशंका, अनुमान र हल्लाका लागि खुल्ला हुनेछ र यो भिडियो प्रकरणको उचित प्राथमिकताका साथ छानविन भएन भने न्यायालयप्रतिको जनविश्वासमा पहिरो जानेछ ।'

प्रतिपक्षी विधायकहरूले छानविनको आदेश दिन राजासमक्ष बिन्तीपत्र चढाउने योजना बनाएका छन् ।

यो असाधारण कदमले सरकारलाई आक्रोशित बनाउन सक्छ ।

नागरिक समाजका कतिपय नेताहरूले कानुन व्यवसायीहरूलाई स्वतन्त्र छानविन आयोग गठन नगरेसम्म बहिष्कार मार्फत अदालतको शुद्धीकरण गर्न सुझाव दिएका छन् ।

आम जनताको आक्रोश व्यक्त गर्दै सुप्रसिद्ध मानवअधिकारवादी कानुन व्यवसायी शिभारशाह र सियाह भन्छ 'यो कार्पेट मुनिबाट बडार्नुपर्ने एकदम स्पष्ट त्रासद विषय हो ।'

'सरकारी छानविन र दूषित न्यायपालिकाको शुद्धीकरण अपरिहार्य छ' रसियाहले आईपीएससँग भने 'सो क्लिप हेरी र सुनिसकेपछि न्यायपालिकाप्रतिको जनविश्वास कमजोर भएको छ । उनीहरू यसको तत्काल शुद्धीकरण चाहन्छन् ।' रसियाह अनवर इब्राहिमले नेतृत्व गरेको प्रतिपक्षी नेशनल पिपल्स पार्टीका उपाध्यक्ष पनि हुन् ।

खचाखच भरिएको पत्रकार सम्मेलनमा अनवरले सेप्टेम्बरको दोस्रो साता सार्वजनिक गरेको उक्त भिडियो एउटा गोप्य श्रोतले सन् २००२ मा खिचेको थियो । श्रोतको परिचय सार्वजनिक गर्न अनवरले अस्वीकार गरेका छन् ।

सो क्लिप अघिल्लो साता मात्र आफूलाई दिइएको र भिडियो हेरिसकेपछि आफूले तत्काल यसलाई सार्वजनिक गर्ने निर्णय गरेको अनवरले बताए ।

'भिडियोको सामग्री हेर्नें, राजनीतिक शक्ति केन्द्रको स्वार्थको लागि न्यायालय कतिसम्म गिर्दोरहेछ भन्ने कुरा थाहा पाउने अधिकार जनसाधारणसित छ' अनवरले भने 'भिडियो रेकर्डिङ्गले न्यायालयको सबैभन्दा माथिल्लो कार्यालयलाई मुछेको छ..., यसलाई वरिष्ठ न्यायाधीशको नियुक्तिमा प्रभाव पार्न रचिएको प्रपञ्चको सन्दर्भमा उल्लेख गरिएको हो र यसले न्याय सम्पादनलाई कलुषित पारेको छ ।'

अनवर सन् १९९८ मा पदच्यूत गरिनुअघिसम्म महाथिर मोहम्मदका उत्तराधिकारी थिए, जतिबेला उनीमाथि ६ वर्ष जेल पठाउने भ्रष्टाचार र अप्राकृतिक मैथुनको आरोप लागेको थियो । अप्राकृतिक मैथुनको आरोप पछि उल्टाइए पनि भ्रष्टाचारको फैसला अद्यापि कायमै छ । जसले अनवरलाई सार्वजनिक ओहोदामा रहन सन् २००८ को १३ अप्रिलसम्मका लागि रोक लगाएको छ । 'मैले प्रमाणित गरिसकेको छु' अनवर भन्छन् 'म निर्दोष छु र उच्चस्तरीय षडयन्त्रको शिकार भएको छु भन्ने कुराको सशक्त प्रमाण यहाँ छ ।'

छानविनको बढ्दो मागलाई प्रधानमन्त्री अब्दुल्लाहले अस्वीकार गरेका छन् । बरु उनले उक्त भिडियो क्लिप ज्यादै गम्भीर र बिनासकारी रहेको भन्दै त्यसको सत्यता जाँच्न प्रहरीलाई आदेश दिएका छन् ।

मलेसियाली मुलधारका पत्रपत्रिकाले सो प्रकरणको सीमित समाचार प्रकाशमा ल्याउने क्रममा न्यायाधीश र वकिलको नाम उल्लेख गरेनन् । लाखौं डलर हिनामिना गरिएको केस भएकोले त्रासका कारण उनीहरूले यसो गरेको हुनुपर्छ ।

तर, अनवर र संसदका प्रतिपक्षी दलका नेता लिम किट सिआङ तथा स्वतन्त्र मलेसियाकिनी नामको न्युज पोर्टल उक्त क्लिपले महाथिरको पक्षमा सधैं काम गर्ने वरिष्ठ कानुन व्यवसायी र हालका मलेसियाली प्रधान न्यायाधीश अहमद फैरुजबीचको वार्तालाप देखाएको बताउँछ ।

ती कानुन व्यवसायी विदेशमा रहेकोले प्रतिक्रियाको लागि भेट्न सकिएको छैन । अहमद फैरुजका एकजना सहयोगीले चाहिँ मलेसियाकिनीमा प्रकाशित दुई अनुच्छेदको पत्रप्रति 'टिप्पणी नभएको' बताए ।

तर, वरिष्ठ मन्त्री नाज्री अजिजले आफूलाई अहमदले भेटेर ती कानुन व्यवसायीसँग फोनमा कुरा गर्ने व्यक्ति आफू नभएको बत(एको सरकारी समाचार समिति बर्नामालाई भनेका छन् ।

'भिडियो क्लिपले कानुन व्यवसायी र अर्का व्यक्तिबीचको फोनवार्ता देखाएको छ । हामीलाई उनीहरूले खासमा केको बारेमा बोलिरहेका हुन् भन्ने कुरा थाहा छैन' आन्तरिक सुरक्षा उपमन्त्री फु अह किओले भने ।

प्रहरीले ती कानुन व्यवसायीलाई सोधपुछका लागि बोलाउने बताएको छ । मलेसियाका महान्यायाधिवक्ता घानी पटेलले व्यापक सर्कुलेसन भएको 'द स्टार' समाचारपत्रसँग भनेका छन् 'हामी अहिले भिडियोको अध्ययन गरिरहेका छौं । के गर्ने भन्ने निर्णय पछि गर्नेछौं ।'

तर, यस्ता गैरप्रतिबद्ध भनाइले प्रतिपक्षी विधायकहरूलाई आक्रोशित तुल्याएको छ, जो राज्यको अंगबाट खुल्ला छानविन होस् भन्ने चाहन्छन् । 'भिडियोबाट के प्रष्ट भएको छ भने हाम्रो न्यायपालिकाले वर्षौंदेखि सम्झौता गर्दै आएको छ र यो पूर्णत: प्रभावशाली व्यक्तिहरूको पिठ्ठु बनेको छ' प्रतिपक्षी विधायक कुला सेगारानले भने ।

विधायकहरूले यो मुद्दालाई अक्टोबर २२ मा सुरु हुने संसदमा आकस्मिक प्रस्तावको रूपमा छलफलका लागि लैजाने र यो प्रकरणलाई अझ व्यापक बनाउने तयारी गरिरहेका छन् ।

# कठोर दृष्टिकोणको मैदानमा एक्लो आवाज

– सुभेन्द्रिनी काकुची

टोकियो (आई.पी.एस्./एन्.पी.आई.) - सन् १९८२ को जनवरीमा दाजुको हत्या भएपछिका कयौं वर्षसम्म आफू बैयक्तिक असफलताको आघातबाट मात्र नभई दोषीप्रतिको चर्को आक्रोश र घृणाबाट समेत सताइएको ५७ वर्षीय मासाहारु हरादा बताउँछन् ।

पछि उनले आनो अनुभूति व्यक्त गर्ने अबसर पाए । 'मैले रिसको चित्कार र म उसलाई कति घृणा गर्छु भन्ने कुरा सुनाउन जेलमै गएर हत्यारालाई भेट्ने निर्णय गरेँ । जब उसको बेदनायुक्त क्षमायाचनासँग मेरो जम्काभेट भयो, मैले मेरो रिस उसका निम्ति बताउनै नसकिने विरहमा बदलिएको अनुभूति गरेँ' हरादाले आईपीएससँग भने ।

आनो अनुभूतिमा आएको त्यो सशक्त सहनशील परिवर्तन के हो भने हरादा अहिले सो अनुभव जापानी जनसाधारणमाझ व्यक्त गर्ने कठिन प्रयास गर्दैछन् । मृत्युदण्डविरोधी कार्यकर्ताहरूले उनको कदमको स्वागत गरेका छन् । हालसालैका कहालीलाग्दा हत्याको कारण मृत्युदण्डप्रति कठोर हुँदै गइरहेको समर्थनलाई सामान्यीकरण गर्न उनले मद्दत गर्नेछन् भन्ने उनीहरूको अपेक्षा छ ।

हरादा अहिले मृत्युदण्ड खारेजीका खाँटी समर्थक बनेका छन् । उनले सन् १९९९ को अगष्टमा जेलको निर्णायक भ्रमण मात्रै गरेनन् मृत्युदण्डप्रतिको आनो धारणामा पनि परिवर्तन गरे । पछि अनुभवले हरादाको दृढ निश्चयलाई अझै बलियो बनायो ।

अपराध स्वीकारेका हत्यारा तोसिहिको हासेगावा (५१), जो सन् २००१ मा फाँसीमा झुन्डाउनुअघि क्रिस्चियन बनेका थिए, ले मृत्युदण्ड पर्खने क्रममा आफूले सहेको क्रुरताबारे हरादालाई लेखेका थिए ।

'मैले हासेगावाबाट थाहा पाएँ उनले कति समय एकान्तमा बसेर मृत्यु पर्खेका थिए भन्ने कुरा । उनका परिवारलाई समेत भेट्न प्रतिबन्ध लगाइएको थियो । थप छलफलको लागि मैले गरेको आग्रह खारेज गरियो । त्यस्तो व्यवहार अमानवीय हो र त्यसले मलाई सुखद अनुभव गर्न दिएन' उनले भने ।

मध्य जापानको एइची परफेक्चर (इलाका) मा एक्लै बसोबास गर्ने हरादाले गएको जुनमा ओसियन नामक संस्थाको जापान च्याप्टर सुरु गरेका छन् । अमेरिकामा मुख्यालय रहेको यो संस्थाले अपराधका दोषी र पीडितलाई घृणाको अनुभूतिबाट मुक्ति मिलोस् भन्ने आसमा एकसाथ ल्याउने गर्दछ ।

'ओसियनको जस्तो काम जापानमा अति आवश्यक छ, जहाँ शोकाकूल परिवारजन र अपराधीबीचको भेटघाट दुर्लभ हुने गर्दछ । आमने-सामने छलफलले जापानको गोप्य मृत्युदण्ड प्रणालीमा पारदर्शिता ल्याउने हाम्रो विश्वास छ' एमनेस्टी इन्टरनेशनल जापानको मृत्युदण्ड विरोधी अभियानको नेतृत्व गर्ने मिसाको योगिसिताले भने ।

मृत्युदण्ड पाएका बन्दीका परिवारजनसँग कुराकानी गरेका कार्यकर्ताले जापानको मृत्युदण्ड पाउने पंक्तिको त्रासद् तस्वीर संकलन गरेका छन् । केही बन्दीहरूलाई फाँसीअघि दशकौंसम्म निराश जीवन बिताउन बाध्य बनाइन्छ । मृत्युदण्डको कार्यान्वयन गोप्य हुन्छ । फाँसीमा चढाउने दिनको पूर्वसूचना दिइँदैन । बन्दीलाई झुन्डाउनुभन्दा केही घन्टाअघि मात्र जानकारी दिइन्छ । व्याकुल परिवारजनले मृतकको शव बिरलै बुझ्छन् ।

हरादा उनले त्यस्तो प्रणालीलाई आनै अनुभव र अपराधीहरू समाजबाट बहिष्कृत हुनुपर्छ भन्ने

परम्परागत जापानी विश्वासले गर्दा समर्थन गरेको खुलस्त पार्छन् ।

अपराध स्वीकारेका हत्याराप्रतिको दृष्टिकोण बदलिनुपर्ने मान्यताका अर्का समर्थक मनोरोग विशेषज्ञ डा. मिसामी हिरायामा हुन् । मृत्युदण्डको लाममा उभिएका बन्दीलाई मनोवैज्ञानिक उपचार दिन सरकार असफल भएको आरोप लगाउने उनले मानसिक रोगीहरूको अधिकारको लागि लामो अभियान सञ्चालन पनि गरे। उनको विचारमा यो अभियुक्तलाई निश्पक्ष सुनुवाइको अवसर दिन अस्वीकार गरिए सरह हो ।

'मानसिक समस्याका कारण अपराध स्वीकारेका हत्याराहरूलाई यसको ठूलो आवश्यकता रहेको प्रष्ट छ। यस्ता मानिसलाई उचित स्वास्थ्य उपचारबिना फाँसीको सजाय दिनु गलत हो' उनले आईपीएससँग भने ।

तर, अपराधका दुवै पक्ष--पीडित र पीडकका आफन्तजन--लाई अझ बढी भावनात्मक सहयोग आवश्यक रहेको उनले बताए ।

हिरायामाले ग्रिफ केयर सपोर्ट नामको नाफारहित संस्था चलाएका छन् । यसले त्यस्ता मानिसलाई परामर्श र सल्लाह दिने गर्दछ । त्यस्तो परिपाटीको अभाव जापानमा मानसिक समस्या भएका मानिसको अधिकारलाई वेवास्ता गरिने तथ्यको एउटा संकेत भएको उनले बताए ।

अन्य मनोरोग विशेज्ञहरू पनि यसमा सहमत छन् ।

मानसिक समस्याका कारण गरिएको अपराधको एउटा प्रष्ट उदाहरण शोको असाहारा हुन् । टोकियोमा भएको भूमिगत आक्रमणका दोषी धार्मिक नेता आसाहारालाई सन् २००४ मा झुन्डाएर मृत्युदण्ड दिइएको थियो। ती धर्मगुरुले सन् १९९५ मा सबवेमा फैलाएको विषालु सरिन स्नायु ग्याँसले १२ पदयात्रीको ज्यान लिनुका साथै हजारौंलाई घाइते बनाएको थियो ।

असाहारा बचाउ पक्षका कानुन व्यवसायीले उनको मानसिक स्वास्थ्यबारे बारम्बार प्रश्न उठाएका थिए। उनीहरूले मानसिक रोगी भएका कारण असाहारालाई प्राणदण्ड दिन हुँदैन भन्दै अपिल गरेका थिए । तर, गतवर्षको अगष्टमा अदालतद्वारा नियुक्त एकजना मनोरोग विशेषज्ञ, जसले असाहाराको जाँच गरेका थिए, ले मानसिक समस्याग्रस्त व्यक्तिको जस्तो अभिनय मात्र गरेको भन्दै उनी अदालती कारवाहीको लागि योग्य भएको बताए ।

मृत्युदण्डको फैसला बदर गर्न माग गर्दै असाहाराले दिएको पुनरावेदनलाई जापानको सर्वोच्च अदालतले सन् २००६ को सेप्टेम्बरमा खारेज गरेको थियो । असाहारासँगै अन्य धार्मिक नेताहरूलाई पनि फाँसी दिइयो ।

मृत्युदण्डविरोधी कार्यकर्ताहरू त्यो केस नै जापानमा मृत्युदण्ड खारेज गर्ने बाटोमा प्रमुख अवरोध भएको विश्वास गर्छन् । सन् २००५ मा गरिएको एउटा जनमत सर्वेक्षणले मृत्युदण्डप्रतिको समर्थन विस्तारै बढ्दै गएको देखाएको थियो । फाँसीको समर्थन गर्नेको संख्या सन् १९७५ को २३ प्रतिशतको दाँजोमा बढेर पहिलो पटक ८० प्रतिशत पुगेको थियो ।

त्यसयता, मृत्युदण्ड खारेजीका पक्षधरहरूले ३१ वर्षे हिरोशी मोतोमुरा, जो हत्याको सिकार बनेका व्यक्तिका परिवारको सदस्य हुन् र उनले मृत्युदण्डको पक्षमा अभियान चलाइरहेका छन्, प्रति बढेको सार्वजनिक सहानुभूतिलाई नजिकबाट हेरेका छन् । सन् १९९९ मा अपराधीले मोतोमुराकी श्रीमतीलाई बलात्कार गरी पीडित र उनकी छोरीको हत्या गरेको थियो ।

गएको मेमा जापानी सर्वोच्च अदालतले अपराध स्वीकारिसकेका हत्यारालाई मृत्युदण्ड दिनुपर्ने कुरालाई मध्यनजर गर्दै उक्त केसको पुनरावलोकन गर्न हिरोसिमा उच्च न्यायालयलाई निर्देशन दिएको छ ।

कार्यकर्ताहरूले अपराधका सिकार बनेकालाई प्रतिवादीविरुद्ध अदालतमा बयान दिन अनुमति दिने नयाँ कानुनको प्रभावकारितालाई चासोका साथ हेरिरहेका छन् । धेरैजसो कानुन व्यवसायीहरू विश्वास गर्छन् कि भावविह्वल बयानले प्रतिवादीको विपक्षमै काम गर्छ र अवस्थालाई थप मृत्युदण्डतर्फ लैजान्छ । उक्त कानुन गत जुनमा जापानी संसद डायटबाट अनुमोदन भइसकेको छ ।

न्यायमन्त्रीमा कुनियो हातोयामाको नयाँ नियुक्ति जापानको मत्युदण्ड समर्थक प्रवृत्तिको संकेत भएको केही कार्यकर्ता बताउँछन् । कठोर नीति र मृत्युदण्डका खुल्ला समर्थक हातोयामाले सुरक्षित समाजको सिर्जना र अपराध तहसनहस पार्ने वाचा गरेका छन् ।

एमनेस्टी जापानका अनुसार यतिखेर जापानमा एक सय तीन बन्दी मृत्युदण्डको पंक्तिमा उभिएका छन् । गत अप्रिलमा तीनजनालाई झुन्डाइको थियो भने अगष्टमा थप तीनजनालाई ।

जापान र अमेरिका मात्र दुई प्रमुख औद्योगिक राष्ट्र हुन् जहाँ अझै पनि मृत्युदण्डको प्रावधान कायम छ ।

# काबुलको सरसफाइ प्रारम्भ शौचालयबाट

–अपर्ना श्रीवास्तव रेड्डी

काबुल (**आई.पी.एस्. /एन्. पी.आई.**) – काबुल सरसफाइ र ढलनिकासको व्यापक समस्यामा परेको शहर हो ।

अफगानिस्तानको राजधानी काबुल जनसंख्याको क्रमिक विकासका कारण गएको पाँच वर्षमा निकै अस्तव्यस्त देखिएको छ। त्यहाँ जनसंख्या १० लाखबाट बढेर करीब ४५ लाख पुगेको छ ।

काबुलका मेयर  रोहुलाह अमान बताउँछन्, काबुलको विद्यमान सरसफाइको प्रक्रिया, यहाँको बढ्दो जनसंख्याको चाप, सेफ्टिट्याङ्कीमा जोडिएको सुख्खा पाइखाना र नियमित हुने फोहरको कारणले गर्दा शहर सफा राख्न गाह्रो परेको छ ।

पहिले काबुलमा थोरै जनसंख्या थियो, त्यसबेला पाइखानाबाट निस्कने फोहोर गधालाई बोकाई शहरबाहिर लान सम्भव थियो । तत्कालीन मेयर गुलम साखी नुरजाद जो अहिले राष्ट्रपति भवनमा सल्लाहकार छन्, भन्छन्- बढ्दो शहरीकरण, जनसंख्याको चाप र उचित बाटोको अभावले सरसफाइको प्रक्रिया लागू हुन सकेन । वास्तवमा अहिले काबुलका सडकमा गधाले चल्ने ठेला पनि देख्न पाइँदैन ।

युवा सरसफाइ इन्जिनियर मुम्ताज ओभारजाइ भन्छन्- केही ट्रकले फोहोर उठाएर शहरबाहिर लैजाने कोसिस गरेका छन् तर यतिले मात्र सफाइ सम्भव छैन । सुख्खा खाडल प्रविधि प्रयोगमा ल्याउन फोहोरको बजार हुनुपर्छ । तर अहिले कतिपय कृषक आ-आनो जग्गा बेचेर शहरीकरणतर्फ उन्मुख भइरहेका छन् ।

अचम्मको कुरा काबुलको नदी जुन चहकिलो हिउँजस्तो, सफा पानी भएको भनी चिनिन्थ्यो अहिले फोहोरका कारण ठूलो ढलमा परिणत भएको छ । नदी ढल बनेका कारण डुङडुङती गन्हाउँछ । विश्व स्वास्थ्य संगठन डब्लुएचओ र युनिसेफले जानकारी गराएअनुसार यही कारणले झाडा पखाला लाग्नेगर्छ । काबुल नगर पालिकाका कर्मचारीका अनुसार पाँच प्रतिशतभन्दा पनि कम घरले ढल निकास गरेका छन् । धेरै मानिस सुख्खा खाडल खनेर पाइखाना बनाउँछन् । यस प्रकारको शौचालय मध्य एसिया र चीनमा पनि सामान्य मानिन्छ । सामान्यतया पुरुषले खुला चौर मन पराएपनि महिला र बालबालिका घरेलु पाइखाना प्रयोग गर्न रुचाउँछन् ।

काबुलका पहाडी इलाका जहाँ पानी र बत्तीको अभाव छ, त्यहाँ ढल निकासको व्यबस्था मिलाउन निकै महङ्गो पर्छ । खाडल पाइखाना र सेफ्टि ट्याङ्कको त कुरै भएन, किनकि यसबाट पानी सजिलै बग्छ। नजिकैको जमिनमा भएको पानीको स्रोतलाई दूषित गर्न सक्तछ जुन त्यहाँका मानिसका निम्ति प्रमुख पानीको स्रोत हो ।

तैपनि भारतमा प्रयोग भएको नयाँ जैविक वातावरण पद्धति र पछिसम्म काम दिने पाइखानाहरू अफगानिस्तानको राजधानीमा प्रभावकारी छन् ।

सुलभ प्रविधिको शिल्पविज्ञानको नामद्वारा प्रख्यात 'दुई खाडल' पाइखाना व्यवस्था साह्रै थोरै पानीले चल्छ । दुइवटा खाडल

पालैपालो प्रयोग गर्न सकिने र त्यसबाट जैविक ग्यास निकाली बत्ती र अन्य कुरामा प्रयोग गर्न सकिने अवस्था रहन्छ, भारत स्थित सुलभ अन्तर्राष्ट्रिय नामक संस्थाका संस्थापक विन्देश्वर पाठक जानकारी गराउँछन् । उनको संस्थाले काबुलमा सुलभ पाइखाना बनाउने काम गरिरहेको छ ।

पाठक सुलभ शौचालय सस्तो प्रविधिले गर्दा अफगानिस्तानभरी नै लोकप्रिय हुने कुरामा विश्वस्त छन् । यो प्रविधि घरेलु तथा ठूला सार्वजनिक ठाउँका पाइखानाका लागि पनि उपयुक्त छ, उनी जानकारी गराउँछन् ।

'यो प्रविधि बुझ्न र व्यबहारमा उतार्न सजिलो छ, यसबाट कुनै फजुल फोहोर आउँदैन, यो दीघकालिक पनि छ,' अफगानिस्तानका लागि भारतीय राजदूत राकेश शुद भन्छन् । नयाँ दिल्लीबाट १० लाख डलर बराबरको सहयोग प्राप्त भएका कारण राजदूतले यस विषयमा बोल्नु स्वाभाविक पानि हो । सो रकमबाट काबुलको व्यस्त बजारमा सुलभ पाइखाना बनाइएको छ । भारतको पैसाले २० सिटका पाँच शौचालय अफगानिस्तानको व्यस्त व्यापारिक क्षेत्रमा बनेका छन् । रकम तिरेर प्रयोग गर्न पाइने यी शौचालयले दैनिक औशत ५ हजार मानिसलाई सेवा पुऱ्याएको छ ।

'शौचालय प्रयोग गरेबापत एक व्यक्तिले २ अफगानिस (०.०४ अमेरिकी डलर) तिर्नुपर्छ । हामीले दिनहुँ करिब ३ सय व्यक्तिको अन्दाज गरेका थियौं तर १ सय जना भन्दा बढीले यो पाइखाना प्रयोग गरेको देखिएको छ । यसबाट यी शौचालयले दिनहुँ ११ हजार अफगानिस (२२० अमेरिकी डलर) कमाउँछन् र आत्मनिर्भर हुन सफल भएका छन्, सुलभकी सुस्मिता शेखर बताउँछिन्- विशेष गरी महिलाबाट धेरै सकारात्मक प्रतिक्रिया आएको छ ।

साजिदा एउटा ठेला गाडामा शैक्षिक सामग्रीको व्यापार गर्छिन् । फारोस गाहमा व्यापारमा व्यस्त उनी भन्छिन्, 'सुलभ पाइखानाले महिलालाई विशेष सहयोग गरेको छ । यहाँको संस्कृतिले महिलालाई खुला ठाउँमा शौच गर्न बन्देज गर्दछ । पहिले आकस्मिक बेलामा २ कि.मी. पर आनो नातेदारकाँ जानुपर्थ्यो तर अहिले सुलभ प्रयोग गर्छु,' बुर्काभित्रबाट उनी बोल्छिन् ।

सुलभ योजनाबाट तालिम प्राप्त ३५ जनामध्येका एक हुन् ओमारजाई । उनी काबुलबाट परको एउटा प्रवासी शिविर नजिकै बस्छन् । उनी भन्छन्- मलाई मानिसले खुला नहरको पानी खाएको र सुख्खा वैकल्पिक पाइखानाको प्रयोग गरेको देखेर अचम्म लाग्छ । मलाई सुलभ पाइखानाको प्रविधिबारे थाहा भैसकेको छ । म यस्ता पाइखाना देशका अरु ठाउँमा बनाउन मद्दत गर्न चाहन्छु,' उनी बताउँछन् ।

रामदानको पवित्र महिनामा सबै मुस्लिमले दिउँसोको बेला जहाँ पुग्छन्, त्यही बसेर प्रार्थनामा लागेको देखिनु सामान्य हो । तर उनीहरूलाई देह अफगाननको सुलभ सार्वजनिक पाइखानाको बाटोमा प्रार्थना गरेको देख्नु सामान्य होइन । 'यी सुलभ पाइखानाहरू हुनु साह्रै राम्रो हो । अब हामी योसँगै मस्जिद बनेको हेर्न चाहन्छौं,' सुलभको सफाइप्रति आश्वस्त एक पाको व्यक्तिले टिप्पणी गरे ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल**
**फोन नं. ४-२६४१५५, ४-२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**



npiktm@wlink.com.np